मंगलसेन नगरपालिका

नगरसभाको तेह्रौं अधिवेशनमा

नगर उप-प्रमुख

श्री संगिता कुमारी रावल ज्यूले

प्रस्तुत गर्नुभएको

आ.व. २०८१।८२

को

# बजेट वक्तव्य

मंगलसेन नगरपालिका

सुदुरपश्चिम प्रदेश, अछाम

नेपाल

२०८१ साल असार १० गते सोमबार

नगरसभाका अध्यक्ष महोदय,

१. मंगलसेन नगरपालिकाको तेह्रौ अधिबेशनको गरिमामय बैठकमा बजेट तथा कार्यक्रम तर्जुमा समिति संयोजक एवम् नगर उप-प्रमुखको हैसियतले आर्थिक वर्ष २०८१।८२ को बजेट तथा कार्यक्रम पेश गर्ने अनुमति चाहन्छु ।

२. मुलुकको शासन प्रणाली र समाजको अग्रगामी रुपान्तरणका लागि भएका ऐतिहासिक जनआन्दोलन तथा सशस्त्र संघर्ष लगायतका विभिन्न आन्दोलनको क्रममा आफ्नो अमूल्य जीवन बलिदान गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात शहीदहरू प्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछु । साथै, राजनैतिक आन्दोलनका क्रममा बेपत्ता, घाइते र अपाङ्ग भएका नागरिकहरू प्रति उच्च सम्मान प्रकट गर्दै सम्पूर्ण देशभक्त नागरिकले राष्ट्र निर्माणमा पुर्याउनु भएको योगदानलाई आदरपूर्वक स्मरण गर्न चाहन्छु ।

३. आगामी बजेट नगरको समृद्धी, सुशासन र सामाजिक न्याय कायम गर्न लक्षित हुनेछ । सम्पूर्ण नगरवासी जनताको विकास र समृद्धिको चाहानालाई सम्बोधन गर्ने तथा पछाडि परेका वर्ग, लिङ्ग र समुदायलाई आर्थिक लाभको पहुँचमा पुर्याउने तर्फ बजेट तथा कार्यक्रम लक्षित गरेकी छु ।

४. बजेट तर्जुमा गर्दा नेपालको संविधान,स्थानीय सरकार संचालन ऐन, २०७४, दिगो विकास लक्ष्य, नगरको प्रथम पञ्चवर्षिय आवधिक योजना, संघिय सरकार र प्रदेश सरकारको नीति तथा कार्यक्रम र प्राथमिकता, नीति तथा कार्यक्रम र विनियोजन विधेयक निर्माणका क्रममा प्राप्त सुझाव, महालेखा परीक्षकको वार्षिक प्रतिवेदनबाट प्राप्त सुझाव, लैङ्गिक उत्तदायि बजेट तर्जुमा दिग्दर्शन र हालसम्म प्राप्त उपलब्धी तथा अनुभव लाई मार्गदर्शनको रुपमा लिएकी छु ।

५. आगामी आर्थिक वर्षको बजेट जनअपेक्षा अनुसार कार्यान्वयन गर्न नगरपालिका संग सम्बन्धित सबै राजनीतिक दल, सरकारी तथा गैर सरकारी क्षेत्र, शिक्षक, बुद्धिजिवी, सरोकारवालाहरु र आम नगरवासीहरुको साथ सहयोग र सहकार्यका लागि आव्हान गर्दछु ।

**सभाअध्यक्ष ज्यू,**

अब म, चालु आर्थिक वर्षको बजेट कार्यान्वयनको समीक्षा संक्षेपमा प्रस्तुत गर्न चाहन्छु ।

६. चालु आर्थिक वर्षमा कुल आय अनुमान **६३ करोड १ लाख ७० हजार नौ सय तिन रुपैया र पैसा** ४१ रहेकोमा हाल **५२ करोड** ४२ **लाख** ९२ **हजार** ४४४ **रुपैंया र पैसा ८५** संशोधित आय अनुमान रहेकोमा आर्थिक वर्षको अन्त्य सम्ममा कुल खर्च **५१ करोड ५३ लाख ८२ हजार** ४४४ **रुपैंया र पैसा ८५**अर्थात **९८।३** प्रतिशत खर्च वर्षको अन्त सम्म प्राप्त हुने आयको आधारमा संशोधित अनुमान छ ।

७. चालु आर्थिक वर्षमा संघीय सरकारबाट समानीकरण अनुदान मार्फत **७ करोड ९६ लाख २४ हजार,** राजस्व बाँडफाँड (मुल्य अभिबृद्धि कर, अन्तःशुल्क र रोयल्टी बाफत) **८ करोड ६७ लाख २३ हजार ८१ रुपैया**, प्रदेश सरकारबाट समानीकरण अनुदान **६७ लाख ३४ हजार २५०**, सवारी साधन कर **५८ लाख ८० हजार ६१ रुपैंया ७२ पैंसा** गरि कुल **१७ करोड ८९ लाख ६१ हजार ३९२ रुपैंया ७२ पैंसा** प्राप्त भएको छ ।आन्तरिक राजस्व परिचालन तर्फ वर्षको अन्त्य सम्म **६८ लाख राजस्व, बैंक मौज्दाज अ.ल्या.** ४ **करोड १४ लाख** सहित कुल आम्दानी **२२ करोड ६ लाख ६१ हजार ४५७ रुपैंया ७२ पैसा** प्राप्त हुने संशोधित अनुमान रहेको छ ।

८. चालु आर्थिक वर्षमा संस्थागत विकास तर्फ हाल सम्म नगरपालिकालाई आवश्यक कानूनहरु निर्माण तथा संशोधन गरिएको छ । डिजिटल नागरिक बडापत्रको सुरुवात गरिएको छ, सबै स्वास्थ्य संस्थामा इन्टरनेट तथा विद्युतीय हाजिरी जडान गरिएको र सबै वडामा ईन्टरनेट व्यवस्थापन गरि अनलाईन घटना दर्ता र अन्य कार्य समेत प्रविधिमैत्री बनाईएको छ । जसबाट सेवा प्रवाह गुणस्तरीय, छिटो, छरितो र प्रभावकारी भएको छ । नगर कार्यपालिका कार्यालय, सबै वडा कार्यालय र स्वास्थ्य संस्थाहरुमा विद्युतिय हाजिरि (ई हाजिरी) प्रणाली लागु भई कर्मचारी उपस्थिति दर बृद्धि र सेवा प्रवाहलाई

प्रभावकारी तथा नियमित बनाई कर्मचारी व्यवस्थापन लाई प्रभावकारी बनाईएको छ ।

९. नगरपालिकामा पूर्ण रुपमा विद्युतिय भुक्तानी प्रणाली कार्यान्वयनमा रहदा कार्यालयमा दैनीक हुने सेवाग्राहिको भिडभाड न्यूनिकरण, अन्तर बैंक भुक्तानीमा सहजताका साथै सेवाग्राहीलाई बैंकिङ सेवामा आवद्ध गर्न सहज भएको छ । राजस्व संकलन कार्यलाई SuTRA प्रणालीमा आबद्ध गरिएको छ । प्राविधिक कर्मचारीहरुलाई भुकम्प प्रतिरोधात्मक भवन निर्माण सम्बन्धि क्षमताविकास तालिम सम्पन्न भएको छ । आर्थिक वर्ष २०७९।८० को संस्थागत स्वःमूल्यांकन, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको कार्यसम्पादनमा आधारित मूल्यांकन नतिजामा सुधार भइ समानीकरण अनुदानमा बृद्धि भएको र महालेखा परीक्षकको ६१ औं प्रतिवेदन अनुसार बेरुजु ०.४ मा झार्न सफल भएका छौ ।

१०. नगरपालिकामा सामुदायीक सूचना केन्द्र संचालन, डिजिटल सूचना वोर्ड कार्यान्वयन र सेवाग्राहीको दैनीक अभिलेख राख्ने तथा सेवा सन्तुष्टी/बहिर्गमन फारम मार्फत सेवाको सर्वेक्षण गरि थप सुधार गर्न टेवा पुगेको छ । नगरबाट हुने सम्पूर्ण सूचनाहरुको एकद्धार प्रणाली बाट स्थानीय तथा अन्य संचारमाध्यम मार्फत नियमित रुपमा प्रकाशन/प्रशारण हुने गरेको छ । यसबाट नगरवासिको सूचनाको हक माथिको पहुँच सहज भएको ।

११. २ वटा (वडा नं. १२ र १३) स्वास्थ्य चौकी भवन, थप २ वटा वडा कार्यालयहरु वडा नं.४ र वडा नं.७ निर्माण भइ सञ्चालनमा आइ सकेको र वडा नं.१४ को वडा कार्यालय भवन निर्माण अन्तिम चरणमा रहेको छ । एक घर एक धारा कार्यक्रम अन्तर्गत खानेपानी तथा सरसफाई गुरुयोजना २०८० तयार गरि २२८ धारा, सिचाईको व्यवस्थापन गर्दै ११ वटा सिचाँई पोखरी र ४ वटा सिचाँई कुलो निर्माण भएको छ । नगरपालिकामा १३ कि.मि. सडक नयाँ ट्र्याक खोल्ने काम भएको छ, ५०.५० कि.मि. सडक मर्मत र १२०० मिटर DBST र RCC Slabs सडक निर्माणाधीन अवस्थामा रहेकोछ ।

नगरपालिकामा निर्माण गरिएका सडकहरुमा यातायातको निरन्तरता राख्न , सरसफाई तथा निर्माणको लागि Backhoe Loader with Rock Breaker को खरिद कार्य अघि बढाइएको छ। कालावनी झोपु, र विरे सुवाखेत झो.पु तयार भइ सञ्चालनमा आइ सकेको, अल्पसङ्ख्यक बादी समुदायको थप २ वटा घर निर्माण भइ हस्तान्तरण भइ सकेको छ । मंगलसेन बृहत खेलमैदान निर्माण कार्य निरन्तर भइ रहेको छ ।फोहोर व्यवस्थापन गर्दै नगरलाई सफा, स्वच्छ राख्न डम्पिङ साइड मर्मत कार्य र मंगलसेन बजार ढल व्यवस्थापनको नाली निर्माण, नगरपालिका र वाक नेपालको साझेदारीमा वडा नं.३, ४, ५, ६ र ७ का विपन्न नागरिकहरुका लागि २० शौचालय निर्माण गरिएको छ ।

१२. ग्रामिण भिडियो एक्सरे सेवा प्रदान गरि जम्मा ९३३ जना गर्भवति महिलालाई सेवा प्रदान गरिएकोमा १८ जना जटिलतायुक्त गर्भवति पहिचान गरि प्रेषण गरिएको छ। नगर प्रमुखसंग जेष्ठ नागरिक कार्यक्रम अन्तर्गत **चिकित्सकिय स्वास्थ्य सेवा उपभोग गर्नबाट बन्चित रहने** वडा नं १३ का नागरिकलाई एकिकृत स्वास्थ्य शिविर संचालन गरि ५०० जना नागरिकले सेवा लिएका जसमध्ये ९० जना महिलाको पाठेघरको मुखको क्यान्सर चेकजाँच,१४ जना गर्भवति महिलाको भिडीयो एक्सरे र १५६ जनाको आँखा जाचँ गरि १४ जनालाई मोतिबिन्दु को सल्यक्रियाको लागि रेफर गरिएको छ ।यस आ व मा नगरपालिकाका वडा नं ४,६,७ र १० मा पाठेघरको मुखको क्यान्सर र प्रजनन रुग्णता घुम्ति शिविर संचालन गरि जम्मा ११४ जनालाई सेवा दिएकोमा ३ जना सम्भावित क्यान्सरको जोखिम भएका महिलालाई प्रेषण गरिएको र ८ जना महिलालाई पाठेघर खस्ने समस्याको लागि रिङ पेसरी राखीएको छ । सबै स्वास्थ्य संस्थामा अक्सिजन कन्सनट्रेटर र सिलिन्डर जडान गरि सेवा प्रवाह सुचारु भएको छ । सबै स्वास्थ्य संस्थामा ईन्टरनेट जडान गरि समयमै अनलाईन डाटा ईन्ट्रि गर्ने कार्य गरिएको छ ।यस नगरपालिकाका विभिन्न वडा बाट जटिल अवस्थाका गर्भवति तथा सुत्केरी ४५ जनालाई निशुल्क एम्बुलेन्स सेवा प्रदान गरिनुका साथै १४ जनालाई

यातायात रकम प्रदान गरिएको छ । आर्थिक वर्ष २०८०।८१ मा नगरपालकाका ३६६ जनाले पुर्ण खोप पाएका छन भने ४८६ जना महिलालाई संस्थागत सुत्केरी सेवा प्रदान गरिएको छ भने ४०१ जनाले चार पटक गर्भ जाँच सेवा लिएका छन् । यो आ व मा नगरक्षेत्र भित्र मातृ मृत्यु तथा बाल मृत्यु शुन्य रहेको छ । यो बर्ष नगरपालिकाका को परिवार नियोजनका साधनको प्रयोग दर ४० प्रतिशत रहेको छ ।यो बर्ष करिब पैतिस हजार जनालाई नगरपालिकाका विभिन्न स्वास्थ्य संस्थाबाट बिभिन्न रोगको उपचार सेवा प्रदान गरिएको छ ।बर्ष भरि नेपाल सरकारले उपलब्ध गराउनुपर्ने सुचिका ९८ प्रकारका औषधिको नियमित आपुर्ति गरिएको छ ।

१३. नगरपालिकाका २२ जना हिंसामा परेका महिलाहरुलाई विउपूजी वितरण, ८ जना टुहुरा बालबालिकालाई आर्थिक सहयोग, ९ जना बालबालिकालाई पुर्नस्थापना, ७१ जना HIV सङ्क्रमितहरुलाई खाद्यान्न सहयोग, २५ जना एकल महिलालाई धुपवत्ती बनाउने तालिम प्रदान गरिएको छ। नगरपालिकाका ८ जना अपाङ्गता भएका व्यक्तिहरुलाई बाख्रा वितरण, २३ जना लाई अपाङ्ग परिचयपत्र वितरण, नगर स्तरिय बाल तथा महिला सञ्जाल गठन गरिएको, लैङ्गिकतामा आधारित हिंसा रोकथाम तथा प्रतिकार्य परियोजना दोस्रो चरण अन्तर्गत २३० जना महिला र ७ पुरुषलाई मनोपरामर्श सेवा प्रदान गरिएको छ ।

१४. विद्यालय पुर्वाधार विकासका लागि खाजाघर २ वटा निर्माण र ICT ल्याव २ वटा, विज्ञान प्रयोगशाला २ र पुस्तकालय २ वटा स्थापना गरिएको, उच्च प्राविधिक शिक्षा अध्ययन गर्ने नगर क्षेत्रका ३ जना व्यक्तिहरुलाई छात्रबृत्ति प्रदान गरियो ।दिवा खाजा कार्यक्रमलाई स्थानीय कृषि उपजमा आधारित बनाइएको छ ।

१५. प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत नगरपालिकाले “श्रमको सम्मान राष्ट्रको अभियान” कार्यक्रम संचालन गरि नगरपालिकाको वडा नं. १ देखि १४ वटै वडाका जम्मा ९३ जना व्यक्तिलाई १०० दिन रोजगारी उपलब्ध गराइएको छ

। सडक मर्मत समूह परिचालन मार्फत ३२ जनालाई १२० दिन वरावरको रोजगारी प्रदान गरिएको छ ।

१६. पशु विकास कार्यक्रमलाई प्रवद्धन गर्न नगरका ७ जना भैसी पालक कृषकलाई अनुदान, बाख्रा पकेट क्षेत्र विकास कार्यक्रम अन्तर्गत ९ जना कृषकलाई खोर सुधार, लम्पी स्किन महामारी नियन्त्रणका लागि घुम्ती सेवा मार्फत ६ हजार गाईगोरुलाई उपचार सेवा र कृषकलाई खोप सेवा प्रदान गरिएको छ । ८ हजार पशुहरुमा PPR खोप सेवा प्रदान गरिएको छ ।

१७. कृषि उत्पादनमा महिला शसक्तिकरण कार्यक्रममा अन्तर्गत १० जना महिला कृषक छनौटगरि विउ बिजन वितरण गरिएको छ ।१४४ जना कृषकलाई मौसमी तथा वेमौसमी तरकारी खेती तालिम प्रदान, रैथाने बाली संरक्षण तथा प्रबर्धन सम्बन्धी रेडियो कार्यक्रम, मसला बाली प्रबर्धन अन्तरगत ५ जना कृषकले प्रोत्सहान अनुदान पाएका छन। व्यवसायिक च्याउ खेती प्रबर्धन कार्यक्रम अन्तर्गत ६ जना कृषकलाई च्याउ खेती प्रवर्धनमा ५० प्रतिशत रकम अनुदान प्रदान गरियो गरिएको र GPS प्रविधिको प्रयोग गरी नगर क्षेत्रका १३५ ठाउको माटोको नमूना संकलन गरि प्रयोगशाला पठाइएको छ ।

१८. चालु आर्थिक वर्षमा ३३ वटा कृषक समूह दर्ता, हिउँदे र वर्षे तकारी बिउ वितरण कार्यक्रम अन्तर्गत ५० % अनुदानमा ३१८ जना कृषक लाभान्वित भएका छन, ९६ जना कृषकहरु लाइ आलु को बिउ वितरण, १५६० जना कृषकलाई तरिकारी मिनिकिट वितरण, २१ जना कृषकलाई, ९ वटा फलामै टनेल वितरण गरिएको छ । १ आलु पकेट संचालन गरिएको छ ।

१९. उद्यम विकास कार्यक्रम तर्फ वडा नं.१, मा दुना टपरी बनाउने उद्यम विकास सहजीकरण केन्द्र निर्माण भएको छ ।

सभाध्यक्ष महोदय,

अब म, बजेट प्रणालीमा देखिएका मुख्य चुनौती प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

२०. नगरपालिकाको आयमा संकुचन आयको हुँदा स्रोत व्यवस्थापनमा चाप परेको छ । विनियोजन दक्षताको कमी र आयोजना तथा कार्यक्रमको प्राथमिकीकरण हुन नसक्दा पूजीगत खर्चलाई उपलव्धीमुलक र पूजी निर्माणका क्षेत्रमा परिचालन गर्न सकिएको छैन ।

२१. आन्तरिक राजस्व परिचालन अपेक्षित रुपमा हुन नसक्दा आन्तरिक आम्दानीको श्रोतको सीमितता, पालिकामा न्यून आर्थिक गतिविधि तथा वित्तीय अनुशासनलाई प्रभावकारी बनाउन चुनौतीका रुपमा रहेको छ।

**सभाध्यक्ष महोदय,**

**आर्थिक वर्ष २०८१।८२ को बजेटका उद्धेश्यः**

१. बजेटलाई संघीय र प्रादेशिक नीति तथा प्राथमिकता, दिगो विकास लक्ष्य प्राप्ती र स्थानीय जनताको हित अभिवृद्धिमा केन्दीत गर्ने ।

२. स्थानीय श्रम, सिप, स्रोत साधन परिचालन गरि उद्यमशिलता विकास, रोजगारीको सृजना गर्दै गरिबी न्यूनीकरणको लागि जनसहभागीता बढाउन सामाजिक,आर्थिक, वातावरणीय विकास कार्यलाई जोड दिने।

३. बजेट उत्पादन मुलक क्षेत्रमा केन्द्रित गरि उत्पादन र उत्पादकत्व अभिवृद्धीको लागि दिगो, गुणस्तरिय पूर्वाधार निर्माणमा जोड दिने ।

४. नगर भित्रका व्यापारिक क्षेत्र, कृषि पकेट क्षेत्र, ऐतिहासिक धार्मिक क्षेत्रलाई पर्यटकीय क्षेत्रको रुपमा व्यवस्थित गरी आर्थिक क्रियाकलापमा विस्तार गर्ने ।

५. सेवा प्रवाहलाई सरल, सहज बनाउन जवाफदेहिता, पारदर्शीताको प्रवर्द्धनमा विद्युतीय शासन, संस्थागत क्षमता विकास गर्दै नवप्रवर्तन अभिवृद्धी गर्ने ।

२२. अब म आर्थिक बर्ष २०८१।८२ को बजेटका प्राथमिकताहरु प्रस्तुत गर्ने अनुमती चाहन्छु ।

१. दिगो, वातावरणमैत्री, गुणस्तरिय पूर्वाधार निर्माण ।

२. सरल, सहज, पारदर्शि, जनमैत्री सेवा प्रवाह ।

३. व्यावसायीक कृषि मार्फत तरकारी, खाद्यान्न, फलफुल, दुध र मासुजन्य उत्पादनमा बृद्धि ।

४. एकीकृत घुम्ती सेवा, कृषि, पशु र स्वास्थ्य बीमा, राहत जस्ता सामाजिक संरक्षण तथा सुरक्षाका कार्यक्रमहरु,

५. स्थानीय उत्पादन प्रवर्द्धन, युवा उद्यम विकास तथा रोजगार र सहकारी,

**सभाध्यक्ष महोदय,**

बजेटले लिएको उद्देश्य हाँसिल गर्न देहायबमोजिम सुधार प्रस्ताव गरेको छु

२३. आगामी वर्ष देखि नगरपालिकालाई बजेट सिमा निर्धारण भए अनुसार बैशाख पन्ध्र गते भित्र विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता नगरसभामा पेश गर्ने व्यवस्था मिलाईनेछ ।यसबाट विनियोजन विधेयक सिदान्त र प्राथमिकता उपर प्रयाप्त छलफल गरि नगरसभ सदस्यहरुबाट प्राप्त मार्गदर्शन र सुझावका आधारमा यथार्त परक वजेट तर्जुमा गर्न सघाउ पुग्ने विश्वास लिएको छु ।

२४. आगामी आर्थिक वर्षको बजेट कार्यन्वयन कार्ययोजना श्रावण मसान्त भित्र नै तर्जुमा गरि कार्यान्वयनमा लगिनेछ । कार्ययोजनाको विषयगत समिति, नगर कार्यपालिकाबाट नियमित रुपमा अनुगमन गरिनेछ । स्वीकृत कार्यक्रम कार्यन्वयन गर्ने वडा कार्यलय, विषयगत शाखाले श्रावण मसान्त सम्म कार्यविधि र निर्देशिका तयार गरि लागु गर्नेछन ।

२५. बहुसंख्य जनताले लाभ प्राप्त गर्ने आयोजना र राष्ट्रिय प्राथमिकता प्राप्त क्षेत्रमा बजेट केन्द्रित अभिवृद्धी गर्ने नीति लिएको छु । लगानी प्रवर्द्धन गर्न व्यवसायी

मैत्री लगानीको वातावरण सिर्जना गरिनेछ । उत्पादनमुलक उद्योग तथा कृषि पर्यटन, सहकारी क्षेत्रलाई प्रोत्साहन गरिनेछ ।

२६. जग्गा प्राप्ती, श्रोत सुनिश्चितता लगायतको पूर्वतयारी विना कुनै पनि आयोजनको सहमति दिने अनियन्त्रीत प्रवृतिको अन्त्य गरिनेछ ।

**सभाध्यक्ष महोदय,**

अब म, आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**प्रशासनिक तथा कार्यालय संचालन तर्फः**

२७. आर्थिक वर्ष २०८१।८२ को दैनिक कार्यालय संचालन र प्रशासनिक कार्यका लागी रु १० करोड ६० लाख बजेट विनियोजन गरेकी छु ।

२८. संस्थागत तथा सुशासन क्षेत्रको विकासका लागी विद्युतीय शासनलाई प्रभावकारी रुपमा कार्यान्वयनका साथै स्मार्ट पालिका निर्माणका लागि इन्टरनेट सेवाका लागि रु. १८ लाख विनियोजन गरेको छु ।कर्मचारी तथा जनप्रतिनिधिहरुको क्षमता विकास कार्यलाई उच्च प्राथमिकतामा राखि क्षमता विकास कार्यक्रय संचालनको लागि आवश्यक बजेटको व्यवास्था गरेकी छु ।

२९. रोजगारी सिर्जना र ग्रामिण सडक मर्मत गर्न सडक मर्मत समूह परिचालन कार्यक्रमलाई निरन्तरताका लागि रु.३१ लाख विनियोजन गरेकी छु।

३०. स्थानीय सरकार संचालन ऐनले दिएको अधिकार अनुसार न्याय सम्पादन, मेलमिलाप कार्य मार्फत समाजमा रहेको शान्ति अमन चयन गर्दै नगरपालिकाको न्यायीक समिति र सो को कार्य व्यवस्थापनका लागि आवश्यक बजेटको व्यवस्था गरेकी छु । कानूनको समयसापेक्ष परिमार्जन र संशोधन र निर्माण गर्ने, कार्यको निरन्तरता दिदै पालिकाको कानूनी व्यवस्थालाई सहजीकरण गर्ने कार्यमा जोड दिएकोछु ।

३१. नगर विकासमा सरकारी, निजि क्षेत्र, सहकारी तथा गैर सरकारी संघ संस्था जस्ता साझेदार निकाय मार्फत सिप विकास, उत्पादन वृद्धी, सामाजिक सचेतना

अभिवृद्धी कार्यक्रम सञ्चालन गर्न साझेदारी कार्यक्रका लागि रु.२२ लाख बजेट विनियोजन गरेकीछु ।

३२. हरितसीप, हरित मानसिकता हरित रोजगार कार्यक्रम अन्तर्गत निजी तथा सामुदायी वन प्रवर्धन कार्यक्रम, एक शिशु पाँच विरुवा कार्यक्रम, जंगली जनावरका कारणले बाँझो रहन गएका जमिनमा अदुवा, बेसार, फलफूल प्रवर्धन, डालेघाँस नर्सरी स्थापना कार्यका लागि बजेटको व्यवस्था गरेकीछु।

३३. परम्पारागत सीप संरक्षण, यूवा क्लव गठन तथा संचालन कार्यक्रमका लागि आवश्यक बजेटको व्यावस्था गरेकी छु ।

३४. प्राकृतिक तथा मानवीय कारणले उत्पन्न हुन सक्ने बिभिन्न विपद जोखिम न्यूनीकरण, रोकथाम तथा पुनःस्थापना कार्यका लागीरु २० लाख विनियोजन गरेकी छु ।

३५. नगरपालिका मार्फत प्रवाह हुने सेवालाई नागरिक समक्ष पुर्याउन विभिन्न संचारमाध्यमहरुको उपयुक्त प्रयोगका लागि संचार माध्यमसँग अन्तरक्रिया, सहकार्य र समन्वय, सूचना तथा विज्ञापन वितरण प्रणालीलाई व्यवस्थित गर्दै शासन सञ्चालनमा पारदर्शिता, जवाफदेहिता कायम गर्न सूचना प्रकासन तथा प्रसारणका लागि रु १२ लाख विनियोजन गरेकी छु ।

## सामाजिक विकास तर्फः

**शिक्षाः (२ करोड ३५ लाख )**

३६. गुणस्तरिय शिक्षा आजको आवस्यकता अनुसार नगर शिक्षक, बाल विकास केन्द्र सहजकर्ताहरु र विद्यालय कर्मचारीहरुको थप तलब र अनुदान कार्यक्रमलाई निरन्तरताका लागि रु. १करोड ७२ लाख ५३ हजार ८३० रुपैंया विनियोजन गरेको छु

३७. नगरपालिकामा संचालित अछाम बहुमुखी क्याम्पस र कैलाश बहुमुखी क्याम्पसको शैक्षणिक कार्य सुधारका लागि अनुदानको व्यवस्था गरेको छु ।

३८. विद्यालय दिवा खाजा कार्यक्रमलाई व्यवस्थित र प्रभावकारी बनाउन तथा सिकाई उपलब्धिदर बृद्धि गर्नका लागि भान्छाघर व्यवस्थापन र कक्षाकोठा मर्मतका लागि रु.७ लाख ५० विनियोजन गरेकी छु ।

३९. शिक्षकहरुको मनोबल बढाई सिकाई उपलब्धीमा बृद्धि गर्न र विद्यालयमा विद्यार्थीहरुको संख्यामा बृद्धि गराउने विद्यालय तथा शिक्षकलाई तहगत रुपमा उत्कृष्ट प्रोत्साहनको लागि बजेटको ब्यवस्था गरेकी छु ।

४०. स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तक निर्माण तथा छपाई, एकीकृत शैक्षिक सूचना तथा व्यावस्थापन प्रणाली सम्बन्धी प्र.अ.तथा IT Focal शिक्षक, विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रमको निरन्तरता, दिवा खाजा व्यावस्थापन कार्यक्रमको लागि बजेटको व्यवस्थापन गरेकी छु ।

४१. राष्ट्रका लागि खेलकुद, स्वास्थ्यका लागि खेलकुद अन्तर्गत युवा तथा खेलकुद कार्यक्रमको लागि रु १७ लाख विनियोजन गरेकी छु ।

४२. स्थानीय भाषा, कला, संस्कृतीको संरक्षण एवम् सम्बर्द्धन गर्ने परम्परागत सीप विकास कार्यक्रम निरन्तरताको लागि बजेटको व्यवस्था मिलाईएको छ ।

४३. यूवा नेतृत्व विकास तथा लागु औषध नियन्त्रण कार्यक्रम संचालनको लागि रु ५ लाख विनियोजन गरेकी छु ।

**स्वास्थ्यः**(कुल विनियोजित बजेट रु. १ करोड ६२ लाख )

४४. गर्भवति संग उप प्रमुख कार्यक्रम तथा आकस्मिक अवस्थाका गर्भवति तथा सुत्केरी प्रेषण कार्यक्रमको लागि रु २लाख ५० हजार बजेट विनियोजन गरेकी छु ।

४५. नागरिकको रक्त समुह पहिचान कार्यक्रम, आङ खस्ने तथा VIA शिविर, महिला स्वास्थ्य स्वयम् सेविका अवकास कोष, स्वास्थ्यकर्मिको क्षमता अभिबृद्दी तथा प्रोत्साहन, मानसिक स्वास्थ्य सम्बन्धि जनचेतनामुलक कार्यक्रममा बजेटको व्यवस्था गरेकी छु ।

४६. वहुक्षेत्री पोषण कार्यक्रम, महिला स्वास्थ्य स्वयम सेविका प्रोत्साहन कार्यक्रमको निरन्तरता दिदै सबै वडाहरुमा मेयर संग जेष्ठ नागरिक कार्यक्रमका लागि रु. २ लाख ५० हजार विनियोजन गरेकी छु ।नागरिक स्वास्थ्य शिविर संचालनको बजेट व्यवस्था गरिएको छ ।

४७. किशोर किशोरी मैत्री स्वास्थ्य संस्था (जनाली र वलिगाउँ) पोषणमैत्री स्वास्थ्य संस्था (जुपु र कालागाउँ) घोषणा गर्न बजेटको व्यवस्था गरेकी छु ।

४८. नगरपालिका भित्र रहेका १७ वटा स्वास्थ्य संस्थाहरुमा स्वास्थ्यकर्मीको अभाव हुन नदिन जनशक्ती व्यवस्थापनको लागि रु.१ करोड १० लाख र औषधी खरिदको लागि २५ लाख बजेट बिनियोजन गरेकी छु ।

४९. महिला स्वास्थ्य स्वयं सेविका प्रोत्सहान कार्यक्रमलाई निरन्तरताको लागि रु.५ लाख ८५ हजार विनियोजन गरेकी छु ।

**महिला, बालबालिका तथा जेष्ट नागरिक तर्फः**(कूल विनियोजित बजेट रु. २३ लाख)

५०. **किशोरी संग उप-प्रमुख कार्यक्रम** अन्तरगत बालविवाह न्यूनीकरण गर्न विद्यालय विमुख किशोरी कार्यक्रम, सामाजिक रुपान्तरण कक्षा सञ्चालनको लागि बजेटको व्यवस्था गरेकी छु ।

५१. लैङ्गिक हिंशा न्यूनिकरणका लागि परिवारका सदस्यहरुलाई लैंङ्गिक हिंसा सम्बन्धी अभिमुखीकरण तालिम, लैङ्गिक हिंसा निवारण कोष स्थापना तथा संचालन, लैङ्गिक हिंसामा परेका महिलाहरुलाई सेवा परामर्श उपचार यातायात सहयोग जस्ता कार्यक्रम संचालनको लागि बजेटको व्यवस्थापन गरेकी छु । लैंङ्गिक हिंसा रोकथाम तथा प्रतिकार्यको लागि विभिन्न संघ संस्थाहरु संग साझेदारी गरि मनोपरामर्श, कानूनी सहायता, पुनःसामाजिकरणको कार्यक्रमहलाई निरन्तरता दिएकी छु ।

५२. अपाङ्गगता भएका व्यक्तिहरु, एकल महिला, विपन्न तथा बन्चितीकरणमा परेका महिला, एचआईभि पिडित हरुलाई आर्थिक सहयोग, सीप विकास तालिम,

वीउपुजी अनुदान जस्ता कार्यक्रमहरु संचालन गरि क्षमता विकास तथा आर्थिक सशक्तिकरणका लागि बजेटको व्यावस्था मिलाएकी छु ।

५३. वालमैत्री स्थानीय शासनको स्थापनाको लागि वाल संजाल गठन, पूनःगठन गरि बालबालिकाका क्षमता अभिबृद्धिको कार्यक्रमलाई निरन्तरता दिएकी छु

## आर्थिक विकास

**कृषिः ( कृषि रु.३५ लाख र पशु विकास रु. ३२ लाख )**

५४. **जहाँ सिचाई त्यहाँ उत्पादनमा बृद्धि र कमाई** अन्तरगत साना सिचाँई पूर्वाधार निर्माण/मर्मत कार्यक्रम निरन्तरताका लागि रु. ८ लाख बजेट विनियोजन गरेकी छु ।संघ तथा प्रदेश सरकारको लागत साझेदारी रहने गरि ठुला सिचाँई कुलो निर्माण गरिने छ ।

५५. कृषि उत्पादनलाई सहज र अनुकुल बनाउन जलवायु मैत्री कृषि प्रविधि हस्तान्तरण को लागि रु.३ लाख, कृषि उपज मूल्य श्रृंखला विकास र उत्पादनोपरान्त बाली क्षति न्युनीकरण कार्यक्रमको प्रविधि हस्तान्तरण को लागि रु. ३ लाख ५० हजार, तरकारी नर्सरी उत्पादन कार्यक्रम ( सुरक्षित संरचना निर्माण, नर्सरी स्थापनामा प्रविधि हस्तान्तरण) को लागि रु.४ लाख विनियोजन गरेकीछु ।

५६. नगरपालिकालाई तरकारी तथा फलफुलमा आत्मनिर्भर तर्फ लैजान व्यावसायिक रुपमा तरकारी खेती ,मसला बाली प्रवर्धन कार्यक्रम, फलफुल पकेट प्रवधर्न कार्यक्रम, घर बगैंचा विकास कार्यक्रम जस्ता कार्यक्रमहरु कृषकको ५० प्रतिशत लागत सहभागिता रहने गरि बजेटको व्यवस्था मिलाएकी छु ।

५७. सामाजिक रुपमा पछाडी परेका र आय आर्जन क्षमता कमजोर भएका व्यक्तिहरुको आय आर्जन र रोजगारी सृजना गर्न अपांगता भएका ब्यात्तिहरुका लागि कुखुरा बितरण कार्यक्रम, एकल महिला लक्षित बाख्रापालन कार्यक्रम,

दलित समुदायलाई बंगुरका पाठापाठी बितरण जस्ता कार्यक्रमको लागि बजेटको व्यवस्था गरेकी छु । साथै १८ वर्ष देखि ४० वर्ष सम्मका युवाहरुलाई भैंसी पालन व्यवसायमा आकर्षण गर्न अनुदानको लागि आवस्यक बजेटको व्यवस्था गरेकी छु ।

५८. पशुहरुको विकास गर्न नश्ल सुधार कार्यक्रम सञ्चालन लागि बजेट व्यवस्था गरेकी छु ।महिलाहरुलाई कृषि उत्पादनमा व्यावसायीक बनाउन क्षमता अभिबृद्धिका लागि कृषि उत्पादन महिला किसान शसक्तिकरण कार्यक्रम साझेदारीमा संचालन गर्न बजेटको व्यवस्था गरेकी छु ।

५९. कृषि उत्पादनलाई बृद्धि गर्न कृषकहरुको खेतबारीको माटो परीक्षण तथा बाली उपचार कार्यक्रम तथा बाली विमा कार्यक्रम संचालनको लागि व्यवस्था मिलाएकी छु ।

६०. स्थानीय जातको संरक्षण, प्रवर्द्धन र वजारीकरणको लागि सहकारी मार्फत कोशेली घर संचालनको लागि बजेटको व्यवस्था मिलाईएको छ ।

६१. पशुपंक्षीमा हुने विभिन्न रोगहरुको परीक्षण, रोकथाम र नियन्त्रण गर्न पशुपंक्षी उपचार सेवा कार्यक्रमलाई निरन्तरता दिएकी छु । गुणस्तरिय पशुपंक्षी उपचार सेवा प्रदान गर्न पशु सेवा प्राविधिकहरुको दक्षता अभिवृद्धी कार्यक्रम संचालनको व्यवस्था मिलाईएकी छु ।

**पूर्वाधार विकासः**

६२. नगरमा निर्माण हुने संरचनाहरुको गुणस्तर कायम गरि दिगो पूर्वाधार निर्माण गर्न पूर्वाधारगुणस्तर परीक्षण प्रयोगशाला संचालनको रु १० लाख विनियोजन गरेकी छु ।

६३. पालिका केन्द्र जोड्ने कालोपत्रे सडकका लागि संघीय सरकारको समपुरक अनुदान साझेदारी सहित रु २ करोड १० लाख रकम विनियोजन गरेकी छु । अछाम क्याम्पस देखि मुख्य बजार जोड्ने पक्की सडकको निर्माणको लागि रु.६४ लाख विनियोजन गरेकी छु ।

६४. चिमेसाल बहुप्राविधिक शिक्षालय ग्रामीण सडक, बलडाँडा कुकुडीपाटा सडक, सिराडी जुलामारे सडक निर्माणको लागि बजेटको व्यवस्थापन गरेकी छु ।

६५. मंगलसेन बृहत खेलमैदान निर्माणको लागि प्रदेश सरकारको समपुरक अनुदान साझेदारी सहित रु ७५ लाख रकम विनियोजन गरेकी छु ।

६६. सेवा प्रवाहलाई छिटो छरितो र व्यवस्थित बनाउन वडा कार्यालयका प्रशासनिक भवन, स्वास्थ्य चौकी भवन, गाउघर क्लिनिक भवन निर्माण कार्यलाई निरन्तरता दिएकी छु ।

६७. नगरपालिकालाई स्वच्छ, सफा बनाउनफोहोर मैला तथा ढल व्यवस्थापन संघीय सरकार र प्रदेश सरकारसंग समन्वय तथा साझेदारीका कार्यक्रमको लागि आवश्यक बजेटको व्यवस्था गरेकी छु ।

६८. स्वास्थ्य उपचार सेवालाई प्रभावकारी बनाउन र अस्पताल सम्मको पहुँचलाई आम नागरिकलाई आपत्कालिन उपचार सेवाका लागि एम्बुलेन्स सेवा प्रदान एम्बुलेन्स खरिदको लागि रु. २५ लाख, वयलपाटा अस्पताल र अछाम अस्पताललाई सहयोग कार्यक्रम निरन्तरता दिएकी छु ।

६९. अल्पसंख्यक बादी समुदायको व्यवस्थित आवास सहितको आफ्नै घर बनाई दिने नीति अनुसार यो वर्ष पनि बादी समुदायको घर निर्माणको लागि रु. १४ लाख विनियोजन गरेकी छु।

७०. नगर क्षेत्र भित्र उच्च क्षिक्षा प्रदान गर्ने कैलाश बहुमुखी क्याम्पसलाई रु.१० लाख बजेट विनियोजन गरेको छु ।

७१. नगरपालिका भित्र रहेका पानीका मुहान संरक्षण कार्यलाई निरन्तरता दिन रिचार्ज पोखरी निर्माणको लागि रु.३ लाख विनियोजन गरेकी छु ।

७२. आगामी ४ वर्ष भित्र एक घर एक धारा भन्ने नीतिलाई सार्थकता दिन खानेपानी मर्मत तथा साझेदारीको लागि रु.८५ लाख विनियोजन गरेकी छु ।

७३. नगर भित्रका सडक सरसफाई तथा मर्मत कार्यलाई निरन्तरता दिन सडक बोर्ड सझेदारी तथ सरसफाई कारयक्रमलाई निरन्तरता दिएकी छु ।

७४. कृषि तथा पशु सेवालाई प्रभावकारी तथा एकीकृत सेवा व्यवस्थापनको लागि सेवा केन्द्र स्थापना गरि सञ्चालन गर्न रु.१५ लाख विनियोजन गरेकी छ ।

**सभाध्यक्ष महोदय,**

अब म, आगामी आर्थिक वर्ष २०८१।८२ को बजेट विनियोजनका लागि प्राप्त भएका स्रोतहरुको आधारलिई नगरपालिकाको आय-व्यय प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**आर्थिक वर्ष २०८१।८२ को आय-व्यय विविरण**

| क्र.सं | आम्दानीका स्रोत | रकम रु. |
|---|---|---|
| **१** | **संघीय सरकारबाट प्राप्त अनुदान** | **४३ करोड ८६ लाख ८८ हजार** |
| १.१ | वित्तीय समानीकरण अनुदान | १०करोड ५८ लाख |
| १.२ | ससर्त अनुदान | ३१ करोड ३३ लाख ८८ हजार |
| १.३ | विशेष अनुदान | ९० लाख |
| १.४ | समपुरक अनुदान | १ करोड ५ लाख |
| **२** | **सुदूरपश्चिम प्रदेश सरकारबाट प्राप्त अनुदान** | **२ करोड ३१ लाख ८० हजार** |
| २.१ | वित्तीय समानीकरण अनुदान | ९४ लाख ३० हजार |
| २.२ | ससर्तअनुदान | ३२ लाख ५० हजार |
| २.३ | विशेष अनुदान | ८० लाख |
| २.४ | समपुरक अनुदान | २५ लाख |
| **३** | **राजस्व बाँडफाडबाट प्राप्त रकम** | **१३ करोड ५ लाख ७७ हजार** |
| ३.१ | संघीय सरकारबाट प्राप्त राजस्व बाँडफाँड | १२ करोड ४३ लाख |
| ३.२ | सवारी साधन करबाट प्राप्त रकम | ६२ लाख ७७ हजार |
| **४** | **आन्तरिक स्रोत** | **१ करोड ७९ लाख १० हजार** |
| ४.१ | आन्तरिक राजस्व परिचालन | ९० लाख |
| ४.२ | बैंक मौज्दात अ.ल्या. | ८९ लाख १० हजार |
| कुलआय | | ६१ करोड ३ लाख ५५ हजार |

व्यय तर्फ

| क्र.सं. | व्यय | रकम रु. |
|---|---|---|

| | | |
|---|---|---|
| १. | साधारण तथा प्रशासनिक तर्फ | १० करोड ६० लाख ७ हजार |
| २. | साधारण तथा प्रशासनिक तर्फ ( ससर्त) | २३ करोड २९ लाख ५५ हजार |
| ३. | विकास बजेट | २७ करोड १३ लाख ९३ हजार |
| | जम्मा | ६१ करोड ३ लाख ५५ हजार |
| १. | कार्यालय संचालन तथा प्रशासनिक | १० करोड ६० लाख ७ हजार |
| २ | संस्थागत विकास | १ करोड ८२ लाख |
| ३ | पूर्वाधार विकास | ४ करोड २ लाख ५० हजार |
| ४ | सामाजिक विकास | ७९ लाख |
| ५ | आर्थिक विकास | ३५ लाख ५० हजार |
| ६ | कृषि विकास शाखा | ३५ लाख |
| ७ | पशु विकास शाखा | ३२ लाख |
| ८ | महिलाबालबालिका तथा ज्येष्ठ नागरिक | २३ लाख |
| ९ | शिक्षा शाखा तर्फ | २ करोड ३५ लाख |
| १० | स्वास्थ्य शाखा तर्फ | १ करोड ६२ लाख |
| ११ | वडा नं.१ | ३२ लाख |
| १२ | वडा नं.२ | १३ लाख ८० हजार |
| १३ | वडा नं.३ | ३५ लाख ५०हजार |
| १४ | वडा नं.४ | ३० लाख |
| १५ | वडा नं.५ | ३५ लाख |
| १६ | वडा नं.६ | २४ लाख |
| १७ | वडा नं.७ | २४ लाख ५० हजार |
| १८ | वडा नं.८ | २३ लाख |
| १९ | वडा नं. ९ | २४ लाख |
| २० | वडा नं. १० | २३ लाख |
| २१ | वडा नं. ११ | २२ लाख ८० हजार |
| २२ | वडा नं. १२ | ३५ लाख ५० हजार |
| २३ | वडा नं. १३ | ४० लाख |

| | | |
|---|---|---|
| २४ | वडा नं. १४ | ३५ लाख ५० हजार |
| २५ | संघीय ससर्त अनुदान | ३१ करोड ३३ लाख ८८ हजार प्राप्त भएको छ । |
| **२६** | **संघीय विशेष अनुदान- सीत गृह निर्माण** | **९० लाख** |
| २७ | संघीय समपुरक अनुदान- कालोपत्रे सडक नगरपालिका केन्द्र जोड्ने | १ करोड ५ लाख |
| २८ | सुदूरपश्चिम प्रदेश ससर्त अनुदान | ३२ लाख ५० हजार |
| २९ | **सुदूरपश्चिम प्रदेश विशेष अनुदानस** | **८० लाख** |
| | जाल्पा धौपाटा सिचाई कुलो रु.४५ लाख | |
| | मालीकुलो सिचाई कुलो रु. ३५ लाख | |
| ३० | **सुदूरपश्चिम प्रदेश समपुरक अनुदान** | **२५ लाख** |
| | मंगलसेन खेलमैदान पूर्वाधार निर्माण रु. २५ लाख | |
| जम्मा | | ६१ करोड ३ लाख ५५ हजार |

**सभाध्यक्ष महोदय,**

अब म आगामी आर्थिक बर्ष २०८१।८२ मा यस नगर क्षेत्र भित्र कार्यक्रम संचालन गर्नको लागि विभिन्न संघ संस्थाहरुले प्रस्ताव गरेको कार्यक्रम र बजेट प्रस्तुत गर्ने अनुमती चाहान्छु ।

७५. HIV हेरचाहा तथा सहयोग कार्यक्रम, HIV टि.बि. परियोजना र POWER4AY परियोजना सञ्चालनको लागि वाक नेपाल मार्फत नगरपालिकामा कार्यान्वयनको लागि प्रस्ताव प्राप्त भएको छ ।

७६. खानेपानीको दिगो व्यवस्थापन कार्य संचालन गरि आम नागरिकको स्वच्छ खानेपानी माथिको पहुँचमा बृद्धि गर्न एकीकृत जलस्रोत व्यवस्थापन कार्यक्रम ( हेल्भेटास) बाट लागत सहभागिता हुने गरि रु. १ करोड ५१ लाख १० हजार बजेट तथा कार्यक्रम प्रस्ताव गरिएको छ ।पूर्ण सरसफाई तथा स्वच्छता सम्बन्धी क्रियाकलापहरु संचलानमा रु.६ लाख लागत सहभागिता हुने गरि कार्यक्रम प्रस्ताव गरिएको छ ।

७७. प्रारम्भिक बालविकास र अपाङ्गता भएका बालबालिकाको समावेशिता परियोजना सबै बालविकास केन्द्रहरुमा सञ्चालन गर्नको लागि सेतो गुराँस बाल विकास सेवा मार्फत रु.११लाख ८४ हजार १६१ बजेट प्राप्त रहने गरि प्रस्ताव गरेकी छु ।

७८. राष्ट्रिय वातावरण तथा समविकास समाज नेपाल मार्फत कार्यान्वयन हुने गरि बालविबाह न्यूनीकरण सम्बन्धी कार्यक्रम सञ्चालनको प्रस्ताव प्राप्त भएको छ ।नवीकरणीय उर्जा ( उर्जा र उद्यमशील) विकास कार्यक्रमलाई सञ्चालनका लागि साझेदारी कार्यक्रमको प्रस्ताव गरेकी छु ।

७९. मानसिक स्वास्थ्य तथा परामर्श केन्द्र र मंगलसेन नगरपालिको साझेदारीमा लैङ्गिक हिंसा न्यूनीकरण कार्यक्रम संचालनलाई निरन्तरता साझेदारीका लागि बजेट तथा कार्यक्रम प्रस्ताव गरिएको छ ।साथी संस्था र नगरपालिकाको लागत साझेदारी रहने गरि लैंगिक हिंसा निवारण तथा हिंसा प्रभावितहरुको जिवन रक्षा, सुरक्षा र सशक्तिकरणको लागि साझेदारीमा कार्यक्रम सञ्चालनको व्यवस्था मिलाईनेछ ।

सभाध्यक्ष महोदय

अन्त्यमा,

८०. प्रस्तुत बजेट तर्जुमा गर्न मार्ग निर्देशन गर्नुहुने नगर प्रमुखज्यू, बिषयगत समितिका संयोजक तथा सदस्यज्यूहरु, कार्यपालिकाका सदस्यज्यू, वडा अध्यक्ष

तथा सदस्यज्यूहरु, नगर सभाका सदस्यज्यू, प्रमुख प्रशासकीय अधिकृत लगायत सम्पूर्ण राष्ट्रसेवक कर्मचारी, शिक्षक, बुद्धिजीवी, नागरिक समाज, संचारकर्मी, विकास साझेदार सरकारी तथा गैर सरकारी संघ संस्थाहरु लगायत समस्त नगरवासी प्रति हार्दिक आभार प्रकट गर्दछु ।

धन्यवाद

२०८१ साल असार १० गते सोमबार ।

<u>अनुसूची</u>

| शिर्षक | | आ. व. २०७९/८० को **यथार्त** | आ. व. २०८०/८१ को **संशोधित** अनुमान | आ. व. २०८१/८२ को अनुमान |
|---|---|---|---|---|
| **१** | **आन्तरिक राजस्व** | **११२११९४१.००** | **१२३४५०००.००** | **९००००००.००** |
| ११३१३ | सम्पत्ति कर | १८१८३०४ | १६५०००० | १३००००० |
| ११३२१ | घर बहाल कर | २५०००० | ७५०००० | ७५०००० |
| १४६११ | व्यवसाय कर | १२००००० | १५००००० | ९००००० |
| ११५३१ | सरकारी सम्पत्ति बहालबाट प्राप्त आय | ३६९४००२.६५ | ३५००००० | २४००००० |
| १४२४२ | नक्सापास दस्तुर | २११७४९.८७ | ५५०००० | ५५०००० |
| १४२४३ | सिफारिस दस्तुर | ७५१६३८.४१ | ७००००० | ७००००० |
| १४२४४ | व्याक्तिगत घटना दर्ता दस्तुर | ५७१७४० | ४००००० | ४००००० |
| १४२४५ | नाता प्रमाणित दस्तुर | २५००० | ४५००० | ४५००० |
| १४२४९ | अन्य दस्तुर | २६६९९०६.०७ | ३२००००० | १९००००० |
| १४२२४ | परीक्षा शुल्क | १९६०० | ५०००० | ५५००० |
| **२** | **वित्तीय हस्तान्तरण** | | | |

| | | | | |
|---|---|---|---|---|
| | **संघीय सरकारबाट प्राप्त हुने अनुदान** | **४३४७७४८८४** | **४२९८७००००** | **४३८६८८०००** |
| १३३११ | वित्तीय समानिकरण अनुदान | ११३६८२५०० | १०७६००००० | १०५८००००० |
| १३३१२ | ससर्त अनुदान | ३०१५३१०७६.४ | ३०८२७०००० | ३१३३८८००० |
| १३३१७ | समपुरक अनुदान | १२४००००० | ५५००००० | १०५००००० |
| १३३१५ | विशेष अनुदान | ७१६१३०७.६ | ८५००००० | ९०००००० |
| ३ | **सुदूर पश्चिम प्रदेश सरकारबाट प्राप्त अनुदान** | **१३५४५०००** | **२२४७९०००** | **२३१८००००** |
| १३३११ | वित्तीय समानिकरण अनुदान | ८५१५००० | ८९७९००० | ९४३०००० |
| १३३१२ | ससर्त अनुदान | ०.०० | ५५००००० | ३२५०००० |
| १३३१७ | समपुरक अनुदान | २५३०००० | | २५००००० |
| १३३१५ | विशेष अनुदान | २५०००००.०० | ८०००००० | ८०००००० |
| ४ | **राजस्व बाँडफाँड** | **९८०२७८९७.५** | **१२३९९३०००** | **१३०५७७०००** |
| ११४११ | **संघीय सरकारबाट प्राप्त हुने मु अ क र अन्त शुल्क** | **९११९०४०९४.८** | ११७०९९००० | १२४३००००० |
| ११४५६ | **सवारी साधन कर प्रदेश सरकारबाट प्राप्त** | **६१२३८०२.७८** | ६८९४००० | ६२७७००० |
| ४ | वित्तयि व्यवस्था प्राप्ती | | | |
| ५ | अन्तर स्थानीय तह साझेदारी | | | |
| ६ | **विविध आय** | | | |
| ७ | अन्य (**आन्तिक स्रोत बैंक मौज्दात**) | ५८६७१७६८.४८ | ४१४८९००३.४१ | ८९१०००० |
| | **जम्मा** | ६१६२२४५८२.४० | ६३०१७६००३.४१ | ६१०३५५०००.०० |
| व्यय तर्फको अनुमान | | | | |
| व्यय | | | | |
| १ | चालु खर्च | ४२३०३८९१८.७८ | ४९१७७६१५३.४१ | ४९९३४०८३० |
| २ | पुजिगत खर्च | १५१७०१७६०.२१ | १३८३९४७५०.०० | १११०१४१७० |

| | | | | |
|---|---|---|---|---|
| ३ | बैंक मौज्दात | ४१४८३९०३.४१ | | |
| | | ६१६२२४५८२.४० | ६३०१७०९०३.४१ | ६१०३५५००० |